नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१५ दायर मिति:-२०८१/०४/०८**

**फैसला मितिः-२०८१/०४/०८**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **बैजुलाल स्वर्णकारको जाहेरीले** | **देश भारत जिल्ला पश्चिम चम्पारण पिपरा बस्ने मुन्सी** |
| **नेपाल सरकार..........................१** | **राउतको छोरा वर्ष ३२ को धिरज राउत.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी .।

२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०३।२३ जिल्ला पर्सा विरगंज म.न.पा.वडा नं.३ मालपोत चौक स्थित गहवा माईको रथयात्राको हेर्ने क्रममा प्रतिवादी धिरज राउत सोही रथयात्राको हुलबाट निस्की म नजिक आई आनवश्यक रुपमा होहल्ला गरी रहेको हुदा यस्तो नगर भनी समझाई बुझाई गरी रहेको हुदा निज प्रतिवादी धिरज राउतले किन चुप लाग्ने भनी उल्टै म सँग मुख मुखै लागि वादविवाद गरी मलाई बिभिन्न किसिम्मको अपशव्द गाली गलौज गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी धिरज राउतलाई कैद २ महिना र जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी धिरज राउतलाई ठहरेको कैद २ महिनाको हकमा निज मिति २०८१/०३/२३ देखि २०८१/०४/०७ सम्म सम्म हिरासतमा बसी कैद १६ दिन भुक्तान गरिसकेको हुँदा १ महिना १४ दिन कैद भुक्तानको लागि कारागार पर्सालाई पत्र लेख्नु र जरिवानाको हकमा रकम रु.१००००/- असुल उपर गर्नु -------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ श्रावण महिना ८ गते मंगलवार रोज ३/ ने.सं. १४४४ दिल्लागा द्वितीया, शुभम् ........